# प्रधानमन्त्री पुष्पकमल दाहाललाई खुलापत्र

सम्माननीय पुष्पकमल दाहाल ज्यू
प्रधानमन्त्री,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं
२०७९ फागुन ५

**विषय : पीडकलाई नभई पीडितलाई संरक्षण गर्नुहुन पुनः स्मरण गराएको बारे ।**

सम्माननीय प्रधानमन्त्री ज्यू,

तपाईंले नेतृत्व गर्नुभएको 'जनयुद्ध' का क्रममा तत्कालीन शाही नेपाली सेना (हाल नेपाली सेना) ले मेरी छोरीको हत्या गरेको आज १९ वर्ष पूरा भएको कुरा तपाईंलाई स्मरण गराउन म यो पत्र लेख्दैछु । मेरी छोरी मैना सुनुवारको कथा त तपाईंलाई अवश्य पनि थाहा होला । उनी जम्मा १५ वर्षकी हुँदा सेनाले २०६० फागुन ५ गते पक्राउ गरी बेपत्ता बनाएको थियो । उनलाई काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा यातना दिएर हत्या गरिएको थियो । त्यस दिनदेखि आजसम्म म उनको न्यायका लागि संघर्षरत छु । मैले विगतमा पनि कैयौंपटक तपाईंलाई पत्र लेखिसकेकी छु । तर अहिले तपाईं मुलुकको प्रधानमन्त्री हुनुभएको वेलामा तपाईंले अदालतका फैसलाको कार्यान्वयन गर्नुहुनेछ र पीडकहरूलाई न्यायको दायरामा ल्याउनुहुनेछ भन्ने आशाका साथ पुनः पत्र लेख्दैछु । यस मुलुकको प्रधानमन्त्रीका रूपमा तपाईंले अदालतका आदेशलाई सम्मान गर्नुभएन र पीडकहरूलाई न्यायको दायरामा ल्याउनु भएन भने न्यायका लागि पीडितहरूले कोबाट आशा गर्ने ?
त्यो दिन सम्झिने र म तथा मेरो परिवारले विगत १९ वर्षमा छोरीको न्यायका लागि वेहोरेको सास्तीलाई दोहोऱ्याउने शक्ति मसँग छैन । तर न्यायप्रति मेरो आशा अझै जीवितै छ किनकि म प्रतिशोधमा विश्व स गर्दिन ।

सेनाले मेरी छोरीलाई पक्राउ नै नगरेको भनी म, मेरो परिवार र सम्पूर्ण राष्ट्रसँग झूटो वोलेको भए पनि मैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग जुटाएर नेपाली सेनालाई यस मुद्दामा कोर्ट अफ इन्क्वायरी गर्न बाध्य बनाएको थिएँ । वीरेन्द्र शान्तिकार्य तालिम केन्द्रका सैनिकहरूले मेरी छोरीलाई पक्राउ गरी हिरासतमा राखेको तथ्यलाई त्यस कोर्ट अफ इन्क्वायरीले स्थापित गरेको थियो । उनको शरीरलाई सद्गत गर्नका लागि तीनजना सैनिक अधिकृतले समुचित प्रक्रिया नअपनाएको भन्दै कोर्ट अफ इन्क्वायरीले उनीहरूका विरुद्ध कोर्टमार्सलको आदेश दिएको थियो । मेरी नाबालिग छोरीलाई अवैध रूपमा पक्राउ गरी

Scanned with CamScanner

अवैध थुनामा राखेको, बेपत्ता बनाएको, यातना दिएको र हत्या गरेको भए पनि ती अधिकृतहरूलाई कुनै दण्ड दिइएन जबकि सेनाको आन्तरिक छानबिनमा मेरी छोरीको शरीर चिसो पानीमा डुबाइएको र उनलाई बिजुलीको झड्का दिइएको पाइएको थियो । त्यही यातनाका कारण उनको मृत्यु भएको अनि सैनिक अधिकृतहरूले यस घटनालाई ढाकछोप गर्नका लागि विवरणहरू कीर्ते गरेको तथा उनको शरीरलाई अवैध रूपमा गाडेको निष्कर्ष पनि छानविनले निकालेको थियो । विडम्बना नै भन्नुपर्छ, यही वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा सैनिकहरूलाई संयुक्त राष्ट्रसंघ अन्तर्गत शान्तिसेनाका रूपमा जानुअघि मानवअधिकारका विषयमा तालिम दिइन्छ ।

प्रधानमन्त्री ज्यू,

संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय र एड्भोकेसी फोरमको सहयोगमा हामीले मेरी छोरीको भौतिक अवशेष २०६४ सालमा तालिम केन्द्रको परिसरबाट उत्खनन गरेका थियौं । तर मलाई विगत १९ वर्षदेखि न्यायबाट वञ्चित गरिएको छ । चौध वर्षको लामो कानूनी लडाइँपछि २०७४ सालमा काभ्रे जिल्ला अदालतले मेरी छोरीको हत्यामा संलग्न तीनजना अधिकृतलाई कसुरदार ठहर गरेपछि न्याय पाउने झिनो आशा पलाएको थियो । तर ती हत्याराहरू अझै पनि सेना र राज्यको संरक्षणमा निष्फिक्री घुमिरहेका छन् ।

देशमा शान्ति सुनिश्चित गर्न तपाईं प्रतिबद्ध हुनुहुन्छ भनी मैले तपाईंका सम्बोधनहरूमा सुनें । दण्डहीनता अन्त्य गर्ने तथा विधिको शासन स्थापित गर्ने प्रतिबद्धता सहितको विस्तृत शान्ति सम्झौतामा तपाईंले नै २०६३ सालमा हस्ताक्षर गर्नुभएको थियो । विगतका घटनाको न्यायिक समाधान नगरी तथा म जस्ता पीडितहरूले बेहोरिरहेको पीडा र वेदनालाई नसुनी अहिलेको स्थितिमा शान्ति सम्भव नरहेको कुरा म तपाईंलाई यस पत्रमार्फत बताउन चाहन्छु । तपाईं तथा सत्तामा रहेका अन्यले त्रुटिपूर्ण कानूनी संरचनाका आधारमा गठन गरिएका संक्रमणकालीन न्यायका दुई संयन्त्र सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको दुरुपयोग म जस्ता पीडितलाई न्याय दिन ढिलाइ गरी न्यायवाट वञ्चित गर्नका लागि गरिरहनुभएको छ । विगतका घटनालाई संक्रमणकालीन न्याय प्रक्रियाले सम्बोधन गर्ने भनी तपाईं बताइरहनुहुन्छ तर सर्वोच्च अदालतले सरकारलाई लगभग आठ वर्षअघि यी संयन्त्र गठन गर्नका लागि बनाइएका कानून संशोधन गर्नू भनी दिएको आदेशलाई पालन गर्दै संशोधनका लागि कुनै पनि कदम चाल्नुभएको छैन । सर्वोच्च अदालतको आदेश, पीडितहरूको माग तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डबमोजिम संक्रमणकालीन न्यायसम्बन्धी कानूनहरू किन संशोधन नगरिएका हुन् भनी म तपाईंलाई सोध्न चाहन्छु । म जस्ता द्वन्द्वपीडितलाई प्रत्येकपटक किन झूटो आशा दिइन्छ ?

Scanned with CamScanner

प्रधानमन्त्री ज्यू,

मेरी छोरीको सुन्दर मुहार मैले फेरि कहिल्यै देख्न नपाउने कुरा म बुझ्छु । तर म अन्तिम सास रहुन्जेल उनका लागि न्यायको लडाइँ लड्न तयार छु । यी पीडकहरूलाई न्यायको दायरामा ल्याउँछु भनी मैले मेरी छोरीसँग प्रतिज्ञा गरेकी छु र त्यो प्रतिज्ञा मैले पूरा गर्नैपर्छ । मेरी छोरीको भौतिक अवशेष शिक्षण अस्पतालमा छ र मैले उनलाई गरेको प्रतिज्ञा पूरा नहुन्जेल म उनको अन्त्येष्टि गर्ने छैन ।

सन्तान गुमाउनुको पीडा अतुल्य छ । त्यो पीडा तपाईं स्वयंले पनि भोग्नुभएकाले मप्रति तपाईंको समानुभूति रहन्छ । त : तपाईंको समानुभूति भन्दा पनि यस देशको प्रधानमन्त्रीका रूपमा तपाईंले विधिको शासनमा गरेको प्रतिबद्धता मेरा लागि आवश्यक छ । यी हत्याराहरूलाई अदालतको आदेशबमोजिम दण्ड दिइएको म हेर्न चाहन्छु । न्यायको यस खोजीमा मैले म जस्तै कैयौं आमाहरूलाई भेटेकी छु र उनीहरूले पनि न्याय पाउने सम्भावना बढोस् भन्ने मेरो चाहना छ ।

यस मुद्दामा अदालतले फैसला गरिसकेको हुनाले तपाईंले यसउपर कारवाही गरी पीडकहरूलाई न्यायको दायरामा ल्याउनुहुनेछ भन्ने मेरो आशा छ । म जस्ता पीडितलाई न्यायको सुनिश्चितता गर्नका लागि कानून संशोधन गरी विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया गठन पनि तपाईंले गर्नुहुनेछ भन्ने आशा मैले गरेकी छु ।

देवी

भवदीय

देवी सुनुवार

Scanned with CamScanner